www.sudoorsandarbha.com
आवाज विहिनको आवाज
# सुदूर सन्दर्भ
साप्ताहिक
जि.प्र.का.कैलाली.द.नं.११९ २०६७/०६८
Sudoor sandarbha Weekly

तपाईंको नजिक,तपाईंको आफ्नै
सुदूर सन्दर्भ.com

वर्ष १६, अंक १८, २०८२ पुस १३ गते आइतबार (Sun, 28 Dec, 2025) मूल्य रु. १०/-

# उज्यालो बहुउद्देश्यीय सहकारीको 'अध्यक्षमा चौधरी निर्वाचित

● सन्दर्भ समाचारदाता

**सत्ति**/टीकापुरको सत्तिमा रहेको उज्यालो बहुउद्देश्यीय सहकारी संस्थाको नयाँ नेतृत्वका लागि अध्यक्षमा प्राङ्कुश चौधरि निर्विरोध निर्वाचित भएका छन् ।

सहकारीको उन्नाइसौं साधारणसभा कार्यक्रम अन्तर्गत सोमबार भएको उमेदवारको मनोनयन फिर्ताको समयसीमा भित्र अध्यक्षपदका अर्का उम्मेदवार शशि श्रेष्ठले उम्मेदवारी फिर्ता लिए पछि चौधरि निर्विरोध निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ। सहकारी संस्थाको नयाँ नेतृत्वका लागि आइतबार दिउँसो १२ बजेदेखि ३ बजेसम्म मनोनयन दर्ता र सोमबार दिउँसो ३ बजेसम्म सहमतिको समय निर्धारण गरिएको थियो । आइतबार मनोनयन दर्ताको समयमा अध्यक्षमा शशि श्रेष्ठ र प्राङ्कुश चौधरिको उम्मेदवारी परेको थियो ।




सहमति पछि सोमबार अध्यक्ष पदका उम्मेदवार रहेका शशि श्रेष्ठले उम्मेदवारी फिर्ता लिए पछि प्राङ्कुश चौधरि निर्विरोध निर्वाचित भएको जनाइएको छ। यश अघिको कार्यकालमा श्रेष्ठ दुई कार्यकाल उपाध्यक्ष रहि सकेका थिए भने चौधरि कोषाध्यक्ष रहेका थिए ।

३ जना पदाधिकारी सहित ९ सदस्यीय सञ्चालक समितिका लागि सबै पदमा पनि एक/एक जनाको मात्रै उम्मेद्वारी परेको निर्वाचन समितिका संयोजक विरेन्द्र शाहले जानकारी दिए । सहकारीको नयाँ नेतृत्वको लागि उपाध्यक्षमा पहलवान चौधरि, कोषाध्यक्षमा रानी रानी शाह र सदस्यहरुमा साँधुराम चौधरि,सरला ठकुराठि कर्ण ,शारदा कुमारी रिजाल ,फुलराम चौधरि ओमलाल सुनार,खेम बोहराको मात्रै उम्मेद्वारी परेको संयोजक शाहले जानकारी दिए । यसैगरी लेखा तथा सुपरिवेक्षण समितिको संयोजकमा भिम वि. क. र सदस्यहरुमा सुना कुमारी सिंह राठौर

(बाँकी २ पेजमा)

# स्वस्तिक सहकारीको साधारणसभा सम्पन्न, २२ लाख मुनाफा

● सन्दर्भ समाचारदाता

**टीकापुर**/ टिकापुर ९ झुँगा स्थित स्वस्तिक साना किसान कृषि सहकारी संस्थाको तेस्रो वार्षिक साधारणसभा बिहीबार सम्पन्न भएको छ ।

सहकारीको अध्यक्ष पार्वती रावलको अध्यक्षतामा भएको साधारणसभामा टिकापुर नगर पालिका ९ नम्बर वडा अध्यक्ष लौटन चौधरि प्रमुख अतिथि रहेका थिए। कार्यक्रमका प्रमुख अतिथि चौधरिले सहकारी मार्फत महिलाको सामाजिक र आर्थिक सशक्तीकरण हुँदै गैरहेको बताउँदै महिलाको आर्थिक सशक्तीकरणका क्षेत्रमा वडाबाट सहयोग हुने बताएका थिए ।

कार्यक्रमका विशिष्ट अतिथि साना किसान कृषि सहकारी संस्था जोशिपुरको अध्यक्ष गोमा आचार्यले महिलाहरुको अगुवाइमा संचालनमा रहेको सहकारी सुशासन र पारदर्शिताको उदाहरण बन्नुपर्नेमा जोड दिएकि थिइन् ।

सहकारीको अध्यक्ष पार्वती रावलले सहकारीको प्रगति विवरण प्रस्तुत गरेकि थिइन् भने सहकारीको लेखा तथा सुपरिवेक्षण समितिको संयोजक अनिता थापाले लेखा परीक्षण प्रतिवेदन प्रस्तुत गरेकि थिइन् ।

सहकारीको ४१ लाख १७ हजार २ सय रुपैयाँको शेयर पुँजी रहेको छ भने र ६ करोड ६८ लाख ६६ हजार १५ रुपैयाँ ऋण लगानी गरि २२ लाख ९० हजार १ सय ७२ रुपैयाँ खुद नाफा गरेको प्रतिवेदन मा उल्लेख गरिएको थियो । साधारणसभामा विभिन्न सहकारी , संघसंस्थाका प्रतिनिधिले मन्तव्य राखेका थिए ।

सहकारीका ७ सय ३५ जना शेयर सदस्य रहेका छन् ।

# नेपाल जेसीजको 'अध्यक्षमा जीवन कार्की निर्वाचित




● सन्दर्भ समाचारदाता

**सत्ति**/नेपाल जेसीजको राष्ट्रिय अध्यक्षमा जीवन कार्की निर्वाचित भएका छन् ।

कार्कीले अध्यक्षका अर्का उम्मेदवार विजय गुरुङलाई पराजित गर्दै नेपाल जेसिज वर्ष २०२६ को लागि अध्यक्षमा निर्वाचित भएका हुन् । जनकपुरमा सम्पन्न ५२औं राष्ट्रिय अधिवेशनबाट उनि अध्यक्ष बनेका हुन् ।

अध्यक्षमा निर्वाचित कार्कीले ५२१ मत प्राप्त गरेरका छन् भने उनका निकटतम् प्रतिस्पर्धी गुरुङले ४६२ मत मात्रै प्राप्त गरे । अरु प्रत्याशी हरुमा रश्मी शिल्पकारले १४६ र राजाराम गौतमले जम्मा ८७ मत पाए ।

अध्यक्षमा निर्वाचित भएका कार्की जेसीआई नेपालको राष्ट्रिय कार्य कारिणी उपाध्यक्ष समेत भइसकेका व्यक्ति हुन् । कार्कीले जेसीजलाई थप उचाईमा लैजान 'प्रोजेक्ट संकल्प २०२६' अभियान सुरु गरेका छन् ।

## मतदानमा सहभागी बनौं।

❖मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो।
❖मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं।
❖मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं।
❖मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं।
❖मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्यरुपमा लिएर जाऔं।
❖दबाब र प्रभावमा परी मतदान नगरौं।
❖व्यक्तिगत विवेकका आधारमा मतदान गरौं।
❖अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं।
❖सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं।
❖राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

आवाज विहिनको आवाज
सुदूर सन्दर्भ
साप्ताहिक
जि.प्र.का.कैलाली.द.नं.११९ २०६७/०६८
sudoorsandarbha weekly


# घाँस काट्न गएकी महिलाको चितुवाले लियो ज्यान

● सन्दर्भ समाचारदाता

टीकापुर/बर्दियामा फेरि चितुवाको आक्रमणबाट एक महिलाको मृत्यु भएको छ।

बर्दिया जिल्लाको बारबर्दिया नगरपालिका-१० की ५० वर्षीया पार्वती डाँगीको चितुवाको आक्रमणबाट बुधबार दिउँसो मृत्यु भएको हो।

फेनापति सामुदायिक वनमा घाँस काट्न गएको बेला चितुवाले आक्रमण गर्दा घटनास्थलमै



महिलाको ज्यान गएको जिल्ला प्रहरी कार्यालय बर्दियाले जानकारी दिएको छ।

यस्तै गत बुधबार चितुवाको आक्रमणमा परी बारबर्दिया नगर पालिका-१० डफैयाका ३२ वर्षीय दिनेश थारुको ज्यान गएको थियो।

## उज्यालो...........

र टंक बहादुर ठकुल्ला निर्विरोध निर्वाचित भएको निर्वाचन संयोजक शाहले जानकारी दिएका छन्।

२०६३ सालमा ३१ जनाले ३१ सय शेयर पुंजीबाट शुरु गरेको सहकारीले १ करोड ९३ लाख १४ हजार २५९ रुपैयाँ ऋण लगानी गरि ७ लाख ८९ हजार मुनाफा गरेको छ भने हाल उक्त सहकारी मा १ हजार ८० जना शेयर सदस्य रहेका छन् भने सहकारीले ८ लाख ६२ हजार ३ सय ६६ रुपैयाँ मुनाफा कमाउन सफल भएको छ। भने शेयर पुँजी ५३ लाख ३४ हजार ४ सय रहेको छ। सहकारीको पाँच करोड ६७ लाख बराबरको सम्पत्ति रहेको छ।

सहकारीले आर्थिक वर्ष २०८२/०८३ का लागि १ करोड ९ लाख ९७ हजार ८४० रुपैयाँको अनुमानित बजेट तथा कार्यक्रम पारित गरेको छ।


## नगर एवं वडावासीहरुमा हार्दिक अनुरोध

१. जन्म दर्ता मृत्यु दर्ता विवाह दर्ता बसाई सराई सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिनभित्र अनिवार्य रुपमा गरौं ।
२. टीकापुर नगरपालिका वडा नं. ९ मा कुनै प्रकारको व्यवसाय सञ्चालन गर्दा वडा कार्यालयमा अनिवार्य व्यवसाय दर्ता गराएर मात्र व्यवसाय सञ्चालन गरौं ।
३. चौपाया छाडा नछाडौं पशु सडक पेटी छेउछाउमा नबाधौं ।
४. सार्वजनिक स्थलमा माटो, ढुङ्गा, गिटी, बालुवा निर्माण सामाग्री जथाभावी नराखौं ।
५. खाद्य वस्तुमा अखाद्य वस्तु मिसावट नगरौं ।
६. ढल वा सडक मिचेर व्यवसाय नगरौं ।
७. घर वा पसलबाट निस्किएको फोहरमैला जथाभावी नफालौं ।
८. एक घर एक विरुवा अनिवार्य रोपौं ।
९. टीकापुर नगरपालिका हाम्रो हो, यसलाई सफा, सुन्दर बनाउन आ-आफ्नो ठाउँबाट हामी सबै लागौं ।
१०. सबै प्रकारका करहरु समयमै तिरी नागरिकको दायित्व पुरा गरौं ।
११. वडा कार्यालय बाट प्रदान गर्न सेवा प्रवाह र सार्वजनिक सरोकार का विषयमा सुझाव र गुनासो भए वडा कार्यालयमा सम्पर्क गर्नु होला ।

टीकापुर नगरपालिका
९ नम्बर वडा कार्यालय
झुंगा, कैलाली


# 'डिजिटल हिंसा' को जगजगी



◆ आस्था नेपाली

आज कुनै न कुनै डिजिटल प्लाट फर्ममा मानिसका व्यक्तिगत र गोप्य विवरणहरू उपलब्ध छन्। र, डिजिटल स्पेसमा भेटिने जो पनि जुनसुकै बेला डिजिटल हिंसा को सिकार बन्न सक्ने जोखिममा छन्। त्यसमाथि महिला र किशोरीहरूका लागि भौतिक समाजभन्दा पनि धेरै असुरक्षित बनेको छ डिजिटल स्पेस।

केही दिनअघि सम्पन्न महिला हिंसाविरुद्धको १६ दिने विश्वव्यापी अभियानको सन्देश थियो- 'समाज मा भइरहेको हिंसा अब डिजिटल स्पेसमा पनि फैलियो, त्यस्तो डिजिटल हिंसाको अन्त्य गर्न सबैले पहल गरौं।' अभियानअन्तर्गत नेपालमा पनि थुप्रै र्‍याली, गोष्ठी र छलफल कार्यक्रम भए। तर डिजिटल स्पेसमै भने यसबारे त्यति धेरै बहस भएन।

डिजिटल स्पेसमा हुने हिंसा हरेक कुराको डिजिटल स्वरूप बनिसकेको छ। आज कुनै न कुनै डिजिटल प्लाटफर्ममा मानिसका व्यक्तिगत र गोप्य विवरणहरू उपलब्ध छन्। र, डिजिटल स्पेसमा भेटिने जो पनि जुनसुकै बेला डिजिटल हिंसाको सिकार बन्न सक्ने जोखिममा छन्। त्यसमाथि महिला र किशोरीहरूका लागि भौतिक समाजभन्दा पनि धेरै असुरक्षित बनेको छ डिजिटल स्पेस।

विश्वभर आधाभन्दा धेरै महिला, किशोरी, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक र सीमान्तकृत समुदायका महिलाहरूले डिजिटल हिंसा, साइबर क्राइम, अनलाइन बुलिङ जस्ता समस्या भोगिरहेका छन्। जसले लैंगिक असमानता लाई थप बलियो र विस्तार गर्न मद्दत गरेको छ।

आजको डिजिटल पुस्ता भेट्दा



यसरी बृहत् छ कि निगरानी गर्ने हाम्रा निकायहरू पर्याप्त छैनन्, कानुन पर्याप्त छैन। र, समाजले पनि डिजिटल पूर्वाधारलाई सही उपयोग गर्न सकिरहेको छैन। त्यसकारण डिजिटल हिंसा अन्त्य को बहस १६ दिने अभियानमा मात्रै होइन, डिजिटल स्पेसमै निरन्तर हुनु आवश्यक छ।

इन्टरनेट सूचना र ज्ञानको महामार्ग नै बनेको छ। हामी पृथ्वीको एउटा कुनामा बसेर अर्को कुनामा रहेका आफन्तसँग सजिलै सञ्चार गरिरहेका छौं। खबर आदान प्रदान मात्रै होइन, नवीन प्रविधि र आविष्कार, भाषा, कला, संस्कृति, परम्परागत ज्ञान र सीपको पनि सञ्चार भइरहेको छ, इन्टरनेट को माध्यमबाट। यसर्थ इन्टरनेट मानव सभ्यताका लागि सहयोगी अवस्य बनेको छ। तर अवस्था यस्तो पनि छ कि यही महामार्ग बाट विभेद, हिंसा र हानिकारक ज्ञानको पनि सञ्चार भइरहेको छ।

यो डिजिटल युग हो अर्थात् यहाँ मन परेको मान्छेसँग परिचय गर्न हात बढाउँदैनन्, बरु सामाजिक सञ्जालमा सर्च गरेर सबै कुरा पत्तो लगाउँछ र सञ्जालमै सम्बन्ध बनाउन कस्सिन्छन्। इन्टरनेट यिनका लागि गाँस र बाससरह अत्यावश्यक वस्तु बनेको छ। घर-टोलमा पारिवारिक घुलमिल, आफन्त वा समाजभन्दा यिनीहरूको रुचि अनेकन डिजिटल प्लाटफर्म र अनलाइन गेमिङतिर हुन्छ। यिनका लागि पढाइ, मनोरञ्जन वा सामाजिक सम्बन्ध जे भने पनि त्यो अनलाइनमै मात्र सम्भव छ। वास्तवमा डिजिटल पुस्ताको संसार नै अनलाइन हो। र, अनलाइनमा रमाउँदा-रमाउँदै आफू कतिबेला हिंसामा परें वा कतिबेला हिंसा गरें भनेर थाहै नपाउनेहरू पनि छन्।

खासगरी सामाजिक सञ्जाल मार्फत यस्तो हिंसा सहज बनेको पाइन्छ। सञ्जालमा पिछा गर्ने, कुराकानी गर्ने, तस्विरहरू आदान प्रदान गर्ने, भिडिओ कल गर्ने र प्रेम सम्बन्ध बनाउने, तर जब सम्बन्ध निरन्तर नहुने अवस्था हुन्छ, त्यसपछि त्यही पहिलेका तस्बिर र गोप्य जानकारीहरू सार्वजनिक गरिदिने, आर्थिक रूपमा ठगी गर्ने, डिपफेक र भ्रामक सामग्रीहरू बनाई दुःख दिने जस्ता कार्य गरेको पाइन्छ। यस्ता कार्यले धेरै महिला र किशोरीहरूको जीवन बर्बाद भएको छ।

यसबाहेक सार्वजनिक जीवन बाँच्ने कलाकार, पत्रकार, राजनीतिज्ञ र कन्टेन क्रियटर महिलाले फरक-फरक किसिमका हिंसा भोगिरहेका छन्। घृणास्पद अभिव्यक्ति, गालीगलौज, धम्की, महिलाको शरीर र अंगहरूलाई लिएर अनैतिक टिप्पणी, अश्लील कमेन्ट, जातीय विभेदजन्य गाली जस्ता कार्यहरू अहिले सामाजिक सञ्जाल प्रयोगकर्ताका लागि सामान्य लाग्न थालिसकेका छन्।

विश्वभर कुल जनसंख्याको ७५ प्रतिशतभन्दा धेरै मानिस इन्टरनेट प्रयोग गर्छन्। नेपालमा एक व्यक्तिले एकभन्दा धेरै इन्टरनेट सेवा प्रदायकबाट सुविधा लिइरहेको छ। जसकारण यसको तथ्यांक यकिन गर्न कठिन छ। यद्यपि राष्ट्रिय जनगणना २०७८ अनुसार ७३ प्रतिशत नेपाली स्मार्टफोन प्रयोगकर्ता छन्। सामाजिक सञ्जाल प्रयोगकर्ताको संख्या डेढ करोडभन्दा धेरै भइसकेको आकलन छ। यो संख्या दिनानुदिन बढ्दो छ।

यूएन वुमनको प्रतिवेदनअनुसार सन् २०२५ मा संसारभर ५६ प्रतिशत महिला तथा किशोरी हरूले अनलाइन हिंसा भोगिरहेका छन् भने यस्तो हिंसा दलित, मधेशी, अपांगता भएका र यौनिक तथा लैंगिक अल्पसंख्यक समुदाय का महिलाको हकमा झनै भयानक छ। (बाँकी ३ पेजमा)


लक्ष्मी नारायण
बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
टीकापुर-६,नारायणपुर
Google Play

LAXMINARAYAN SMART APP
अब हामी मोबाइल एपमा पनि
एपका विशेषताहरुः
खानेपानीको विल,विजुलीको विल,विमा,
मोबाइलमा ब्यालेन्स ट्रान्सफर,इन्टरनेटको विल,
टि.भी रिचार्ज,प्लेन टिकट,रेमिट्यान्स आदि ।

# डिजिटल........

नेपाल प्रहरीको साइबर ब्युरोका अनुसार अहिले महिला तथा बाल बालिकाहरूसँग सम्बन्धित डिजिटल हिंसाका प्रायजसो घटनाहरू चरित्र हत्या, ब्ल्याकमेलिङ, एक्सटोर्सन, रिभेन्ज पोर्न, ठगी जस्ता छन् । ब्युरोमा आर्थिक वर्ष २०८२/०८३ को साउनदेखि कात्तिक मसान्त सम्मको अवधिमै यस्ता गम्भीर प्रकृतिका डिजिटल हिंसाका २ हजार ९ सय उजुरीहरू परेका छन् । अघिल्लो वर्ष करिब ८ हजार उजुरी परेका थिए । जबकि यस्तो हिंसामा पर्नेहरूमध्ये १९ देखि २५ वर्ष उमेर समूहका किशोरी र महिलाहरूको संख्या उच्च छ ।

प्रहरीमा पुगेका यी घटनाहरू गम्भीर प्रकृतिका मात्रै हुन् । जबकि सामाजिक सञ्जालमा कसैको तस्बिरमा अश्लील टिप्पणी गर्ने, कसैमाथि जात, धर्म, समुदाय, शरीरको अंग वा रङलाई लिएर विभेदजन्य कमेन्ट गर्ने, त्यस्तो कमेन्टलाई लाइक गर्ने र गलत मनसाय भएका व्यक्तिहरूलाई प्रोत्साहन दिने जस्ता हिंसामा त उजुरी नै पर्दैन । न त कसैले उजुरी गरेर त्यस्ता घटनामा दोषीलाई कारबाहीको दायरामै ल्याउन सकिने अवस्था छ । किनकी यस्तो कार्य गर्नेहरूको संख्या सञ्जालमा यति ठूलो छ कि मानौं समाजमा भन्दा पहिल्यैदेखि सञ्जालमा पितृसत्ताले जग हालेको हो ।

त्यसो त डिजिटल पुस्ता प्रविधिमा अब्बल छ । तर समाजमा यहीं अर्को पुस्ता छ- जसले राम्रो पासवर्ड राख्न जान्दैन, डेटा सेक्युरिटी र व्यक्तिगत सुरक्षाका लागि आफ्नै फोनका सेटिङहरू पनि मिलाउन जान्दैन । र, त्यसैको फाइदा उठाएर आपराधिक कार्य गर्नेहरूको संख्या थपिँदो छ ।

अहिले राज्यका हरेक निकायले सार्वजनिक सेवालाई डिजिटाइजेसन गरिरहेका छन् । हामी २१ औं शताब्दीको प्रविधियुक्त डिजिटल समाज निर्माण गर्न चाहन्छौं । तर त्यो डिजिटल समाज भौतिक समाजभन्दा पनि पछौटे भयो भने त्यस्तो डिजिटल समाजको के अर्थ ? त्यसकारण डिजिटल स्पेसमा व्याप्त हिंसा, विभेद र परम्परागत हानिकारक सोचको अन्त्य हुनै पर्छ ।

सरकारले डिजिटल स्पेसमा यस्ता हिंसा निराकरण गर्न आवश्यक नीति र कानुनहरू तय गर्नुपर्दछ । डिजिटल हिंसाको अन्त्यका लागि डिजिटल पुस्ता सचेत र जागरुक हुनुपर्छ । हरेक इन्टरनेट प्रयोगकर्ताले ‘म डिजिटल हिंसा गर्दिनँ, सहदिनँ र कसैलाई यस्तो हिंसाका लागि सहयोग पुर्‍याउँदिनँ’ भनेर कबुल गर्न आवश्यक छ ।

प्रविधि आफैंमा विकास होइन, यो साधक मात्रै हो । यसलाई सही ढंगले उपयोग गरेको अवस्थामा मात्रै यसले समाजलाई समुन्नति तर्फ डोर्‍याउँछ । इन्टरनेट त्यही साधक हो । यसको उपयोग समाजलाई समुन्नतिको बाटोतर्फ अघि बढाउनका लागि हुनुपर्छ । अधिकारविहीन वर्गलाई अधिकार दिलाउन, कमजोर वर्गको सशक्तीकरण र अन्यायमा परेका हरूलाई न्याय प्राप्त गर्न आवाज उठाउने माध्यम बन्नुपर्छ । त्यस कारण केवल प्राविधिक प्रगतिले मात्र न्यायपूर्ण समाजको ग्यारेन्टी गर्न सक्दैन । प्रविधिमा अब्बल हुनुमात्र ज्ञान होइन, सामाजिक र नैतिक शिक्षाको ज्ञान पनि त्यत्तिकै आवश्यक छ । सार्वजनिक प्रशासनकी विद्यार्थी लेखक समता फाउन्डेसन फेलो हुन् ।

साभार : कान्तिपुरबाट

# सुदूरपश्चिमका चार स्थानमा इलाका प्रशासन कार्यालय स्थापना हुने

● **सन्दर्भ समाचारदाता**

**टीकापुर**/सरकारले बैतडीको मेलौलीसहित सुदूरपश्चिम प्रदेशका चार स्थानमा इलाका प्रशासन कार्यालय स्थापना गर्ने निर्णय गरेको छ ।

मन्त्रि परिषद् बैठकले सुदूरपश्चिमका चारसहित देशभरका नौ स्थानमा इलाका प्रशासन कार्यालय खोल्ने निर्णय गरेको हो। निर्णयअनुसार बैतडीको मेलौली, बाजुराको कोल्टी, डोटीको विपी नगर र दार्चुलाको गोकुलेश्वरमा इलाका प्रशासन कार्यालय स्थापना गरिनेछ ।

यसैगरी ताप्लेजुङको सिरिजंगा, डोल्पाको धो, मुगुको खत्याड, कालिकोटको रास्कोट र संखुवासभाको हिदानागढीमा पनि इलाका प्रशासन कार्यालय खोलिने छ ।

मेलौलीमा इलाका प्रशासन कार्यालय स्थापना हुने निर्णयपछि स्थानीयवासी खुसी भएका छन् । अब तल्लोसोराड क्षेत्रका नागरिकलाई नागरिकता बनाउन वा नाबालिग सिफारिसका लागि सदरमुकामसम्म धाउनुपर्ने बाध्यता हट्ने तरुण दल बैतडीका अध्यक्ष महेशदत्त भट्टले बताए ।

सरकारको यो निर्णय सकारात्मक रहेको उल्लेख गर्दै उनले यसलाई यथाशीघ्र कार्यान्वयनमा ल्याउनु पर्नेमा जोड दिए । हाल बैतडीको पुर्चौंडी हाटमा इलाका प्रशासन कार्यालय सञ्चालनमा रहेको छ ।

सुन्दर सफा शहर,टीकापुर नगर

घरबाट निस्कने फोहोरलाई आजैदेखि
तीन भागमा वर्गीकरण गर्ने बानी बसालौं




जथाभावी फोहोर नफालौं, सभ्य नागरिकको परिचय दिऔं ।

टीकापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वन,वातावरण तथा सरसफाई उप-शाखा

## तपाईंको यो साता

**मेष** (चु,चे,चो,ला,ली,लु,ले,लो,अ):-यो साता पुरानो समस्या सुल्झाउन सकिनेछ । देश र सामाजिक हितमा मन जानेछ । समय मनोरञ्जनात्मक छ ।

**वृष** (इ,उ,ए,ओ,ब,बी,बु,बे,बो):-यो साता तपाईको महत्वपूर्ण सामान हराउने वा चोरी हुने सम्भावना छ । साझेदारी काममा उल्झन आउन सक्छ ।

**मिथुन** (क,कि,कु,घ,ङ,छ,के,को,):- यो साता स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ । नयाँ उद्योग वा रचनात्मक काममा जुट्ने समय छ ।

**कर्कट** (ही,हु,हे,हो,डा,डी,डु, डे डो):- यो साता धार्मिक र सांस्कृतिक क्षेत्रमा रुचि बढ्नेछ । पुराना योजना बिस्तारै अघि बढ्नेछ ।

**सिंह**:(मा,मि,मु,मे,मो,टा,टी,टु,टे):-यो साताको समय लगनशीलताको कमीले गर्दा ठूलो उपलब्धि हातपार्न नसकिएला । घाटा ब्यहोर्नुपर्ला ।

**तुला**:(र,री,रु,रे,रो,ता,ती,तु,ते):- यो साता सहकर्मीबाट विरोध आउनेछ । खर्चसमेत बढ्ने योग छ । अरुलाई प्रभावित पारेर काम बन्नेछ ।

**वृश्चिक**:(तो,ना,नि,नु,ने,नो,या,यी,यु):- यो सातामा न्यायिक कार्यमा सफलता मिल्नेछ, तर व्यापार व्यवसायबाट धनलाभ भने हुनेछैन ।

**धनु**:(ये,यो,भा,भी,भु,ध,फा,ढ,भे):- यो सातामा मनमा उत्साह र उमङ्गको कमी देखिनसक्छ । गरिएको कामबाट लाभ लिन सकिने छैन ।

**मकर**:(भो,ज,जी,खी,खु,खे,खो,गा,गी):- यो सातामा सामाजिक प्रतिष्ठा कायम राख्न थोरै बोलेको राम्रो हुन्छ । महत्वपूर्ण कामको योजना बन्नेछ ।

**कुम्भ**:(से,सो,द):- साताको समय सामाजिक क्षेत्रबाट सफलता पाइएला । आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला ।

**मिन**:(दी,दु,थ,झ,य,दे,दो,च,ची): यो सातामा भाग्यले विभिन्न अवसर जुराउनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ । मनोरञ्जनमा रुचि बढ्नेछ ।

**कन्या**:(टो,प,पि,पु,ष,ण,ठ,पे,पो):- सातामा मनमा चञ्चलता आउनेछ । धन खर्च हुनेछ भने विशेष मनोरञ्जनमा समय वित्नेछ ।

**आजको सानो बचत भोलीको ठूलो लगानी,आजै देखि बसाऔं बचत गर्ने बानी, छरिएर रहेको पूजीलाई एकत्रित गरी आयमुलक कार्यमा प्रयोग गरौं ।**
**साथै सहकारीबाट गुणस्तरीय मल खाद तथा उन्नत बीऊ विजन सस्तो मूल्यमा उपलब्ध गराइन्छ ।**
**उज्यालो बहुउद्धेश्यीय सहकारी संस्था टीकापुर-७ सत्ति,कैलाली**

# रेडक्रस कैलालीलाई तालिम केन्द्र निर्माणका लागि राजकडामा 'आवश्यक जमिन उपलब्ध गराइने

● रंग प्रसाद तिमिल्सेना

टीकापुर/नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाले जिल्लामा विपद् व्यवस्थापन, मानवीय सेवा तथा स्वयंसेवक क्षमता अभिवृद्धिका लागि आवश्यक पर्ने तालिम केन्द्र निर्माण गर्नका लागि आवश्यक जमिन उपलब्ध हुने भएको छ ।

नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाको समन्वयमा मोहन्याल गाउँपालिका वडा नम्बर ७ राजकाडामा बिहिवार बसेको स्थानीयबासीहरु तथा नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाका पदाधिकारीहरुको संयुक्त बैठकले तालिम केन्द्र निर्माणका लागि आवश्यक जमिन उपलब्ध गराउने सहमति भएको हो ।



स्थानीय सामुदायिक वन उपभोक्ता समूह, स्थानीय समाज सेवी तथा विभिन्न संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा बसेको बैठकले रेडक्रसलाई तालिम केन्द्र निर्माणका लागि आवश्यक पर्ने सार्वजनिक जमिन उपलब्ध गराउने निर्णय भएको हो ।

शिव शक्ति सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष पूर्ण प्रसाद जैसीको सभापतित्वमा भएको तालिम केन्द्र निर्माण स्थलको बोर्ड टास्ने कार्यक्रम समेत बिहिवार सम्पन्न भएको छ ।

उक्त कार्यक्रमको प्रमुख अतिथि बरगदा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष केशव बहादुर रावल रहेका थिए ।

कार्यक्रममा जालपा सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष मान बहादुर खत्री, जालपादेवी केबुलकार का प्रेम न्यौपाने,राजकाडा खानेपानी उपभोक्ता समितिका अध्यक्ष राजेन्द्र मुडभरी, जालपा आधारभूत विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तेज बहादुर खत्री, जालपादेवी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष मिन बहादुर बोहरा, स्थानीय समाजसेवी जनक खत्री, युवा समाजसेवी कमल शाही, स्थानीय समाजसेवी खेम खत्री लगायतकाको सहभागिता रहेको थियो ।

त्यसैगरी कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाका मन्त्री राकेश हमाल, कोषाध्यक्ष गोबिन्द जोशी, उप कोषाध्यक्ष रंगप्रसाद तिमिल्सैना, जिल्ला सभासद एवम् प्रतापपुर उपशाखा सभापति खडक चौधरी, बलिया उपशाखा सभापति बिनोद आचार्य, बलिया उपशाखाका उपसचिव एवम् सामुदायिक रेडियो पश्चिम आवाज लम्कीका स्टेशन मेनेजर देवानन्द न्यौपाने, बलिया उपशाखाका कर्मचारी इन्द्रबहादुर शाही लगायतकाको उपस्थिति रहेको थियो ।

बैठकमा सहभागी वक्ताहरूले तालिम केन्द्र निर्माणपछि प्राथमिक उपचार तालिम, विपद् जोखिम न्यूनीकरण, उद्धार तथा राहत, स्वयंसेवक तालिम तथा मानवीय सेवासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न सहज हुने बताएका छन् । यसले स्थानीय स्तरमै दक्ष जनशक्ति उत्पादन गर्न सहयोग पुग्ने र विपद्का समयमा छिटो तथा प्रभावकारी सेवा दिन सकिने विश्वास व्यक्त गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटी कैलाली जिल्ला शाखाले तालिम केन्द्र निर्माणलाई दीर्घकालीन योजनाका रूपमा अघि बढाउँदै स्थानीय तह, समुदाय र सरोकारवाला निकायसँग समन्वय गरी पारदर्शी र सहभागितामूलक ढंगले कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएको छ ।

जनहितमा जारी सन्देश
सामुदायिक वनको सुरक्षा गर्नु हामी सबैको साझा जिम्मेवारी हो।

- रुख नकाटौं,काटेको स्थानमा बिरुवा रोपौं ।
- वन क्षेत्रभित्र ज्वलनशिल पदार्थको प्रयोग नगरौं ।
- वन जंगल हामी सबैको साझा सम्पति हो,यसको संरक्षण गरौं ।
- वन भित्र कुनै किसिमको संरचना वा बाटोघाटो निर्माण नगरौं ।
- वन अपराध हुन लागेको थाहा पाए प्रहरी कार्यालय वा वन कार्यालयमा खबर गरौं ।



वि.पि. निकुञ्ज सामुदायिक वन उपभोक्ता समूह
टीकापुर,९,भर्तापुर

रोजे जस्तै खोजे जस्तै झलक कटेजको स्वादिष्ट परिकार

टीकापुरको प्रख्यात झलक कटेजमा तपाई हाम्रो चाहेकै स्वादमा विभिन्न स्वादिष्ट परिकार भेज म:म:, चिकन तथा मटन म:म:, चाईनिज फ्राई राईस, चाउमिन, बिर्यानी, चिकन चिल्ली, कर्णालीका ताजा माछा, लोकल कुखुराको मासु, खशीको मासु, तास, सेकुवा, भुटुवा, चिकन ललिपप, चिकन क्रिस्पी, स्पेशल थारु चिकन सहित अर्डर अनुसार खाना तथा मासुका विभिन्न स्वादिस्ट परिकार पाईनुका साथै होम डेलिभरीको व्यवस्था समेत रहेको जानकारी गराईन्छ ।









झलक कटेज
टीकापुर -७ , हुलाकी रोड कैलाली
सम्पर्क नं ९८००६०६६९६

## हेल्थ न्यूज कर्नर

# कति खतरनाक छ सुपर फ्लु ?

पछिल्लो समय विश्वमा फ्लु भाइरस तीव्र गतिमा फैलिरहेको छ। नेपालमा पनि रुघाखोकीको लक्षण भएका बिरामीहरू बढेका छन्। नेपालमा विशेषतः फ्लु 'ए' र 'बी' भाइरस हरेक वर्ष देखिने गर्छन्। फ्लु 'ए' अन्तर्गत एचवानएनवान (H१N१) जसलाई स्वाइन फ्लुको नामले पनि चिनिन्छ) तथा एचथ्रीएनटू (H३N२) जसलाई हङकङ फ्लुको नामले पनि चिनिन्छ) भाइरस देखिने गर्छन् । यी दुई भाइरस हरेक सिजनमा सँगसँगै जस्तो देखिने गरे पनि कहिले स्वाइन फ्लु त कहिले हङकङ फ्लुले अग्रता लिने गरेको पाइन्छ । हाल यी दुईमध्ये एचथ्रीएनटू आक्रामक रूपमा विश्वभर फैलिरहेको छ। फ्लु सिजनमा भाइरस फैलिनुलाई स्वाभाविक मानिए पनि हाल फैलिरहेको एचथ्रीएनटुमा देखिएको व्यापक म्युटेसन (उत्परिवर्तन) ले भने चिन्ता र जिज्ञासा बढाएको छ । विशेषतः हाल अमेरिका, युरोपलगायत विभिन्न देशहरूमा यो नयाँ भाइरसले साबिकको (म्युटेसन हुनुभन्दा अगाडिको) जीन संरचनाभन्दा म्युटेड भइसकेपछि सङ्क्रमितलाई अस्पताल भर्ना गराउन सक्ने क्षमता बढेको जानकारीहरू आइरहेका छन् । हाल विश्व स्वास्थ्य संगठनका आधाभन्दा बढी युरोपेली सदस्य राष्ट्रहरूमा (३८ मध्ये २७ देशहरू) यो नयाँ भाइरस तीव्र रूपमा फैलिरहेको तथ्य प्रकाशित भएको छ । यो नयाँ भाइरसलाई हाल एचथ्रीएनटू अन्तर्गतको सब-क्लाड 'के' (Sub–clade 'KU' गमकरण गरिएको छ भने सञ्चार माध्यमहरूले यसलाई 'सुपर फ्लु' को उपनाम दिएका छन् । नेपालमा सन् २०२५ को सुरुवातदेखि नै एचथ्रीएनटू भाइरसको दबदबा देखिन्छ । फ्लु 'ए' अन्तर्गतको अर्को भाइरस एचवानएनवानको उपस्थिति भने नगण्य रूपमा मात्र रहेको पाइन्छ । नेपालमा एचथ्रीएनटु देखिएको भए पनि हाल विश्वमा देखिएको सब-क्लाड 'के' भाइरस आइपुगेको छ वा छैन भन्ने जानकारी भने छैन । यो लेख तयार पार्दासम्म छिमेकी मुलुक भारतमा पनि 'सुपर फ्लु' पुष्टि भएको वा फैलिएको आधिकारिक जानकारी आएको छैन । वैज्ञानिकहरूले एचथ्रीएनटु सब-क्लाड 'के' अथवा 'सुपर फ्लु' देखि आत्तिनु पर्दैन भनिरहेका छन् र हाल उपलब्ध फ्लुविरुद्धको खोप प्रभावकारी नै रहेको बताएका छन् । हालै युरोपमा गरिएको र नोभेम्बर २०२५ मा युरो सर्भिलेन्स जर्नलमा प्रकाशित अनुसन्धानले यो नयाँ भाइरसका कारण अस्पताल जानुपर्ने जोखिमलाई न्यूनीकरण गर्न खोपले वयस्कमा ३९% र बालबालिकामा ७५% सम्म काम गर्ने क्षमता देखाएको छ । तर अमेरिका र बेलायतमा कार्यरत स्वास्थ्यकर्मीहरूले भने यही भाइरसले उल्लेखनीय संख्यामा बिरामीलाई अस्पताल भर्ना गराइरहेको बताएका छन् । यो सम्भवतः फ्लुविरुद्धको खोप नलगाउनुको कारण पनि हुन सक्छ । फ्लु सङ्क्रमित भएमा अचानक उच्च ज्वरो आउने वा जाडो हुने, खोकी लाग्ने, घाँटी दुख्ने, नाकबाट पानी बग्ने, टाउको दुख्ने, शरीर वा मांसपेशी दुख्ने र थकान महसुस हुने हुन्छ । बालबालिकामा बान्ता हुने तथा पखाला लाग्ने समस्या पनि देखिन सक्छ । तीव्र रूपमा फैलिरहेको 'सुपर फ्लु' भाइरसका लक्षणहरू पनि यी सामान्य लक्षणभन्दा खासै फरक नभएको हाल उपलब्ध जानकारीहरूले देखाउँछन् । यदि श्वास-प्रश्वासमा समस्या देखिएमा त्यसलाई जटिलतातर्फ गइरहेको संकेतका रूपमा लिनुपर्छ । ज्वरो वा खोकीमा सुधार भई वा निको भइसकेपछि पनि पुनः देखिएमा वा फर्किएमा यसलाई गम्भीर संकेत मान्नुपर्छ। अधिकांशमा केही दिनको आरामपछि स्वास्थ्यमा सुधार आउने भए पनि दीर्घरोगीहरूले भने स्वास्थ्यकर्मीको सुझाव लिन जरुरी हुन्छ । जोखिम समूहका संक्रमित बिरामीहरूले चिकित्सकको परामर्शमा फ्लुविरुद्धको 'ओसेल्टामिभिर' (Oseltamivir) नामक औषधि प्रयोग गर्न सक्नेछन् । औषधिले लक्षणको अवधि घटाउन र सम्भावित जटिलताबाट रोक्न प्रभावकारी भूमिका खेल्छ । फ्लुविरुद्धका खोपहरू पनि उपलब्ध छन् । ज्येष्ठ नागरिक, दीर्घरोगी, रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका, गर्भवती महिला र बालबालिकाहरू फ्लुको बढी जोखिममा हुने हुँदा उनीहरूले खोप लिनु उपयुक्त हुन्छ । अन्त्यमा, यो भाइरसलाई 'सुपर फ्लु' को उपनाम दिइएको भए पनि वैज्ञानिकहरूले यसलाई मौसमी फ्लुकै रूपमा लिएका छन् र म्युटेसन हुनुलाई स्वाभाविक मानेका छन् ।

# तमन्नाको ब्रेकअपदेखि स्मृतिको टुटेको इन्गेजमेन्टसम्म : सन् २०२५ मा अधुरो रह्यो यी जोडीहरूको प्रेम



वर्ष २०२५ आफ्नो अन्तिम चरणमा छ। यो वर्ष धेरैका लागि राम्रो रह्यो भने कसैका लागि ठीकठाक।

धेरै सेलिब्रेटीहरूको जीवनमा प्रेमको आगमन पनि भयो तर आज हामी तपाईंलाई ती सेलिब्रेटीहरूको बारेमा बताउँदैछौँ, जसको प्रेम अधुरो रह्यो। कसैको घर बस्दा बस्दै अधुरो रह्यो भने कसैको बसेको घर टुट्यो। आउनुहोस्, ती जोडीहरूको बारेमा चर्चा गरौँ।

**युजवेन्द्र चहल र धनश्री वर्मा**

युजवेन्द्र चहल र धनश्री वर्माको जोडी यो वर्ष २०२५ को चर्चित जोडीहरूमध्ये एक रह्यो। दुवैले सन् २०२० मा लकडाउनका बेला विवाह गरेका थिए र मात्र ४ वर्षपछि उनीहरूको सम्बन्धमा दरारको खबर आउन थाल्यो।

जहाँ डिसेम्बर २०२० मा दुवैले गुडगाउँमा धूमधामका साथ विवाह गरेका थिए, त्यहीँ फेब्रुअरी २०२५ मा निकै होहल्लाका साथ उनीहरूले आफ्नो सम्बन्ध अन्त्य गरे। उनीहरूको सम्बन्धविच्छेदमा धेरै प्रश्नहरू पनि उठेका थिए। दुवैले एकअर्कामाथि धेरै आरोपहरू पनि लगाए।

**पलाश मुच्छल र स्मृति मन्धना**

पलाश मुच्छल र स्मृति मन्धना यो वर्ष २०२५ को नोभेम्बर महिनामा विवाह गर्ने तयारीमा थिए। पलाशले स्मृतिलाई मैदानमै सबैको अगाडि प्रपोज गरेका थिए, जसपछि दुवै आफ्नो सम्बन्धलाई लिएर चर्चामा थिए।

फेरि अचानक विवाहभन्दा एक दिन अगाडि खबर आयो कि स्मृतिको बुवाको स्वास्थ्य अचानक बिग्रियो, जसका कारण विवाह स्थगित गरियो यद्यपि, यसैबिच पलाशमाथि धोकाको आरोप लाग्यो।

फेरि बिचमा खबर आयो कि दुवैले छिट्टै विवाह गर्नेछन्। तर डिसेम्बरमा दुवैले आफ्नो आधिकारिक बयानमार्फत उनीहरूको सम्बन्ध सकिएको पुष्टि गरे।

**तमन्ना भाटिया र विजय वर्मा**

सन् २०२५ मा सबैभन्दा हैरान बनाउने ब्रेकअप तमन्ना भाटिया र विजय वर्माको रह्यो। दुवै दुई वर्षदेखि रिलेशनसिपमा थिए। प्रायः उनीहरूलाई इभेन्ट र पार्टीहरूमा सँगै देखिन्थ्यो। तर, २०२५ मा उनीहरूको सम्बन्ध टुट्यो।

भनिन्छ, दुवैले यो वर्षको सुरुवातमै छुट्टिने निर्णय गरेका थिए। फ्यानहरूका लागि यो ठूलो झट्का थियो। दुवै प्रायः खुलेआम एकअर्कालाई सपोर्ट गरेको देखिन्थे। ब्रेकअपको बारेमा विजय वर्माले बताएका थिए कि सार्वजनिक सम्बन्धले उनीहरूको सम्बन्धमा असर पारेको छ।

**शिवांगी जोशी र कुशाल टण्डन**

शिवांगी जोशी र कुशाल टण्डनको जोडी पनि दर्शक र फ्यानहरूको मनपर्ने जोडीमध्ये एक रह्यो। उनीहरूको केमेस्ट्रीलाई सबैले निकै मन पराउँथे। यद्यपि, दुवैमध्ये कसैले पनि कहिल्यै सम्बन्धलाई आधिकारिक बनाएनन् तर सोसल मिडियामा एकअर्कालाई सपोर्ट गरेको देखेर मानिसहरूले उनीहरूको सम्बन्ध पक्का मान्थे।

उनीहरूको केमेस्ट्री पनि देखिन्थ्यो, तर गत महिना जुन २०२५ मा कुशालले स्वीकार गरे कि उनीहरू महिनौंदेखि अलग छन्। उनीहरू यसरी छुट्टिनुले फ्यानहरूलाई निकै खिन्न बनाएको थियो।

**प्रियंका चाहर र अंकित गुप्ता**

प्रियंका चाहर र अंकित गुप्ताको जोडी पनि फ्यानहरूको मनपर्ने जोडीमध्ये एक रह्यो। मानिसहरू दुवैलाई सँगै देख्न र उनीहरूको केमेस्ट्री हेर्न रुचाउँथे। यो जोडी 'उडारियाँ' को सेटमा बनेको थियो, त्यससपछि दुवैलाई 'बिग बोस १६' मा सँगै देखियो, जहाँ उनीहरूको गहिरो मित्रता भयो। तर यही वर्ष मार्च महिनामा उनीहरूको ब्रेकअप भयो।

**टम क्रुज र एना डी अर्मास**

यसका साथै यस लिस्टमा एक हलिउड जोडी पनि समावेश छ, जसले आफ्नो बाटो अलग गरे। टम क्रुज र एना डी अर्मासलाई केही महिनासम्म 'पावर कपल' को रूपमा हेरिएको थियो। तर, यही वर्ष अक्टोबर महिनामा दुवैले अलग हुने निर्णय गरे।

## रोचक प्रसंग

### 'अनलाइन किनमेलको रोचक दृश्य : १ लाखको कण्डम, १० रुपैयाँको छपाइ सामग्री

इ कमर्श प्लेटफर्मको सहयोगले ग्राहकलाई उनीहरूले खोजेका सामान आफ्नै दैलोमा प्राप्त त भइरहेका छन् तर यसले उनीहरूको किनमेल सम्बन्धी गोप्य तथा अनौठा आनीबानी समेत उदांगो हुन थालेका छन्। भारतमा खुद्रा सामान विक्री तथा डेलिभरी गर्ने एक प्रमुख अनलाइन किनमेल प्लेटफर्म स्विग्गी इन्स्टामार्टले सार्वजनिक गरेको एक रिपोर्टले ग्राहकहरूका निकै रोचक तथ्यहरू सार्वजनिक गरिदिएको छ।

स्वग्गीको सन् २०२५ को वर्षान्त प्रतिवेदन अनुसार भारतीयहरूले दूध र तरकारीदेखि सुन र आइफोन जस्ता महँगा सामान समेत मानिसहरूले अनलाइनमै किनमेल गर्न थालेका छन्। तर अनलाइनमा अर्डर गरेका सुन र आइफोनभन्दा चेन्नईका एक ग्राहकले गरेको किनमेलको सबैभन्दा बढी चर्चा भएको छ।

रिपोर्ट अनुसार ती व्यक्तिले यो वर्ष सन् २०२५ मा अनलाइनमार्फत् कण्डम खरिदमै १ लाख भारू भन्दा धेरै खर्च गरेका छन्। उनले स्विग्गी इन्टामार्टमा वर्षभर गरेर २२८ पटक कण्डम अर्डर गरे। त्यसबापत उनले भारु १ लाख ६ हजार ३९८ रूपैयाँ भुक्तान गरे। स्विग्गीको रिपोर्ट अनुसार उसको प्लेटफर्मबाट किनमेल गर्ने सामानमध्ये सबैभन्दा लोकप्रिय प्रोडक्ट कण्डम नै बनेको छ। त्यहाँ हरेक १२७ अर्डरमध्ये एउटा कन्डम हुने गरेको छ। गत सेप्टेम्बरमा कण्डमको विक्रीमा २४ प्रतिशतले उछाल आएको थियो।

त्यसैगरी दैनिक आवश्यकताका खाद्य सामानमा चाहिँ दूध सबैभन्दा लोकप्रिय बन्यो। इन्स्टामार्टमा हरेक सेकेण्डमा दूधका चारवटा प्याकेटको अर्डर आयो। कम्पनीका अनुसार वर्षभरमा उसले विक्री गरेको दूधलाई एकैठाउँमा जम्मा गर्ने हो भने ओलम्पिक आकारका २६ हजार वटा पौडी पोखरी भरिन्थे।

रिपोर्ट अनुसार भारतीयहरूले घरपालुवा जनावरका खानेकुराका साथै प्रोटिन र सुनमा पनि मन खुलाएर खर्च गर्ने गरेको पाइएको छ। चेन्नइका एकजना व्यक्तिले आफ्नो घरमा पालेका कुकुर, बिरालोका सामानका लागि एक वर्षमा २४ लाख भारु भन्दा धेरै खर्च गरेका छन्। त्यस्तै नोएडाका एकजना व्यक्तिले वर्षदिनमा २८ लाख भारुको प्रोटिन सप्लिमेन्ट किनेका छन् भने मुम्बइका एक व्यक्तिले १५ लाख भारु भन्दा धेरैको सुन अनलाइनबाट किनेका छन्।

अनलाइनबाट भारी रकमको सामान खरिद गर्ने मान्छे मात्र होइन निकै कन्जुस भएर नगन्य मात्रामा किनमेल गर्ने ग्राहक पनि हुँदा रहेछन्। एकजना व्यक्तिले यो वर्षभरमा स्विग्गी इन्स्टामार्टबाट केवल १० रुपैयाँ भारुको एउटा छपाइ सामग्री खरिद गरे। त्यो खरिद स्विग्गीको इतिहासमा कुनैपनि ग्राहकले वर्षभरमा गरेको सबैभन्दा सानो अर्डर भएको कम्पनीले जनाएको छ।

## नगर एवं वडावासीहरुमा हार्दिक अनुरोध

१. जन्म दर्ता मृत्यु दर्ता विवाह दर्ता बसाई सराई सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिनभित्र अनिवार्य रुपमा गरौ ।
२. टीकापुर नगरपालिका वडा नं. ८ मा कुनै प्रकारको व्यवसाय सञ्चालन गर्दा वडा कार्यालयमा अनिवार्य व्यवसाय दर्ता गराएर मात्र व्यवसाय सञ्चालन गरौ ।
३. चौपाया छाडा नछाडौ पशु सडक पेटी छेउछाउमा नबाधौं ।
४. सार्वजनिक स्थलमा माटो, ढुङ्गा, गिटी, बालुवा निर्माण सामाग्री जथाभावी नराखौं ।
५. खाद्य वस्तुमा अखाद्य वस्तु मिसावट नगरौं ।
६. ढल वा सडक मिचेर व्यवसाय नगरौ ।
७. घर वा पसलबाट निस्किएको फोहरमैला जथाभावी नफालौ ।
८. एक घर एक विरुवा अनिवार्य रोपौं ।
९. टीकापुर नगरपालिका हाम्रो हो, यसलाई सफा, सुन्दर बनाउन आ-आफ्नो ठाउँबाट हामी सबै लागौं ।
१०. सबै प्रकारका करहरु समयमै तिरी नागरिकको दायित्व पुरा गरौं ।
११. वडा कार्यालय बाट प्रदान गर्न सेवा प्रवाह र सार्वजनिक सरोकारका विषयमा सुझाव र गुनासो भए वडा कार्यालयमा सम्पर्क गर्नु होला ।

टीकापुर नगरपालिका
**५ नम्बर वडा कार्यालय**
झनझटपुर, कैलाली

## वडावासीहरूमा अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाईसराई, सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा गराऔं ।
- सार्वजनिक स्थलमा माटो, ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माण सामाग्री नराखौं ।
- घर वा पसलबाट निस्किएको फोहरमैला जथाभावी नफालौं ।
- हाम्रो वडा, सफा वडा , यसलाई सफा, सुन्दर र स्वच्छ बनाउन आ-आफ्नो ठाउँबाट सबै लागौं ।

जानकी गाउँपालिका
**१ नं. वडा कार्यालय**

## रंगमञ्च-विशेष

# देवता र राक्षसको कथामा 'कल्ली' को रोचक टिजर सार्वजनिक

मल्टिस्टारर फिल्म 'कल्ली' को टिजर युट्युबमा सार्वजनिक भएको छ । निर्माताले शनिबार फिल्मको रोचक टिजर ल्याएका हुन् । टिजरले कथावस्तुबारे संक्षिप्त प्रकाश पार्छ ।




मानिसभित्र देवता र राक्षस दुवै प्रवृत्ति विद्यमान हुने दार्शनिक तथ्यको कथावस्तुमा फिल्म बनेको छ। मनभित्र हुने देवताले परिश्रम, मिहिनेत र इमानको भाव बोक्छ भने राक्षसले लोभ, लालच र मोहको भाव बोक्छ । मानिसले आफ्नो मन भित्रको देवतालाई मारेर राक्षसलाई निम्त्याएपछि उत्पन्न हुने परिस्थितीको कथालाई यो फिल्मले प्रस्तुत गरेको छ। फिल्मलाई लक्ष्मण सुनारले निर्देशन गरेका हुन् । उनी निर्देशित अघिल्लो फिल्म 'बुलाकी' र लिखित फिल्म 'टुल्की' ले दर्शकबाट उत्कृष्ट प्रतिक्रिया प्राप्त गरेका थिए । अघिल्ला फिल्ममा सामाजिक कथावस्तुमा फिल्म भनेका सुनारले यसपटक भने मानवीय प्रवृत्ति र संवेदनालाई फिल्ममा चित्रण गरेको हुनसक्ने अपेक्षा छ । पटकथा महेश दवाडीले लेखेका हुन् । फिल्ममा उत्तम प्रधान, सौगात मल्ल, अर्पण थापा, बेनिशा हमाल, सुलक्षण भारती, नाजिर हुसेन, वर्षा राउत, बेगम नेपाली, विनोद न्यौपाने, रेयर राई, प्रियना आचार्य, अर्जुन गुरुङ, सन्जोग राणा, गीता अधिकारी, कुलबहादुर अधिकारी, सरस्वती खत्री र श्याम मगरको अभिनय छ। उपेश ढकाल, मञ्जिला बानियाँ र समर्पण खतिवडा बालकलाकारको रुपमा छन् । परीक्षा लिम्बुलाई पनि टिजरमा संक्षिप्त स्थान दिइएको छ । निसाल पौडेलको छायांकन रहेको फिल्ममा मिलन श्रेष्ठको सम्पादन छ । आशिष अविरल, सरित राई र केतन क्षेत्रीको संगीत रहेको फिल्ममा एनबी महर्जनको एक्सन कोरियोग्राफी छ । फिल्मलाई किरण नेपालीले निर्माण गरेका हुन् । सुरज आचार्य निर्माण प्रमुख हुन् । लेकाली इन्टरटेन्मेन्ट र कस्तुरी प्रोडक्सनको व्यानरमा यो फिल्म निर्माण भएको हो । 'कल्ली' १ फागुनदेखि प्रदर्शन तयारीमा छ ।

## जनहितमा जारी सन्देश

- धुम्रपान मद्यपान त्यागौं बचत तर्फ लागौं।
- ठूलो उमेरका र कमाउनेले मात्र हैन स-साना नानीहरुले पनि बचत गर्न सकिन्छ।
- गाउँ गाउँमा बचत समूह बनाऔं र बचत गर्ने बानी बनाऔं
- महंगा र झकिझकाउ भन्दा सस्तो तर टिकाउजन्य वस्तुहरु किनेर बचत गरौं।
- बचत त्यागबाट प्राप्त हुन्छ।
- मुठी मुठी मिलेर एक बन्छ, बचत गर्ने बानीले भविष्य बन्छ।

**प्रगतिशिल बचत तथा ऋण सहकारी संस्था**
टीकापुर -७ सति, कैलाली

## जनहितमा जारी सन्देश

- धुम्रपान मद्यपान त्यागौं बचत तर्फ लागौं।
- ठूलो उमेरका र कमाउनेले मात्र हैन स-साना नानीहरुले पनि बचत गर्न सकिन्छ।
- गाउँ गाउँमा बचत समूह बनाऔं र बचत गर्ने बानी बनाऔं
- महंगा र झकिझकाउ भन्दा सस्तो तर टिकाउजन्य वस्तुहरु किनेर बचत गरौं।
- बचत त्यागबाट प्राप्त हुन्छ।
- मुठी मुठी मिलेर एक बन्छ, बचत गर्ने बानीले भविष्य बन्छ।

**सामुदायिक सहकारी संस्था**
टीकापुर ७ सत्ती कैलाली

## जनहितमा जारी सन्देश

- धुम्रपान मद्यपान त्यागौं बचत तर्फ लागौं।
- ठूलो उमेरका र कमाउनेले मात्र हैन स-साना नानीहरुले पनि बचत गर्न सकिन्छ।
- गाउँ गाउँमा बचत समूह बनाऔं र बचत गर्ने बानी बनाऔं
- महंगा र झकिझकाउ भन्दा सस्तो तर टिकाउजन्य वस्तुहरु किनेर बचत गरौं।
- बचत त्यागबाट प्राप्त हुन्छ।
- मुठी मुठी मिलेर एक बन्छ, बचत गर्ने बानीले भविष्य बन्छ।

**स्वस्तिक साना किसान बचत तथा ऋण सहकारी संस्था**
टीकापुर -७ सति, कैलाली

## वडावासीहरूमा अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाईसराई, सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा गराऔं ।
- सार्वजनिक स्थलमा माटो, ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माण सामाग्री नराखौं ।
- घर वा पसलबाट निस्किएको फोहरमैला जथाभावी नफालौं ।
- हाम्रो वडा, सफा वडा , यसलाई सफा, सुन्दर र स्वच्छ बनाउन आ-आफ्नो ठाउँबाट सबै लागौं ।

जानकी गाउँपालिका
**३ नं. वडा कार्यालय**

## नगर एवं वडावासीहरुमा हार्दिक अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाईसराई, सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा गराऔं ।
- सार्वजनिक स्थलमा माटो, ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माणसामाग्री नराखौं ।
- घर वा पसलबाट निस्किएको फोहरमैला जथाभावी नफालौं ।
- हाम्रो वडा, सफा वडा , यसलाई सफा, सुन्दर र स्वच्छ बनाउन आ-आफ्नो ठाउँबाट सबै लागौं ।

**जानकी गाउँपालिका**
**८ नम्बर वडा कार्यालय**
**जवलपुर, कैलाली**

## नगर एवं वडावासीहरुमा हार्दिक अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाईसराई, सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा गराऔं ।
- सार्वजनिक स्थलमा माटो, ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माणसामाग्री नराखौं ।
- घर वा पसलबाट निस्किएको फोहरमैला जथाभावी नफालौं ।
- हाम्रो वडा, सफा वडा , यसलाई सफा, सुन्दर र स्वच्छ बनाउन आ-आफ्नो ठाउँबाट सबै लागौं ।

**जानकी गाउँपालिका**
**९ नम्बर वडा कार्यालय**
**खैरीफाँटा, कैलाली**

## नगर एवं वडावासीहरुमा हार्दिक अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाईसराई, सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा गराऔं ।
- सार्वजनिक स्थलमा माटो, ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माणसामाग्री नराखौं ।
- घर वा पसलबाट निस्किएको फोहरमैला जथाभावी नफालौं ।
- हाम्रो वडा, सफा वडा , यसलाई सफा, सुन्दर र स्वच्छ बनाउन आ-आफ्नो ठाउँबाट सबै लागौं ।

**टीकापुर नगरपालिका**
**४ नम्बर वडा कार्यालय**
**अरनेहरी, कैलाली**

## नगर एवं वडावासीहरुमा हार्दिक अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाईसराई, सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा गराऔं ।
- सार्वजनिक स्थलमा माटो, ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माणसामाग्री नराखौं ।
- घर वा पसलबाट निस्किएको फोहरमैला जथाभावी नफालौं ।
- हाम्रो वडा, सफा वडा , यसलाई सफा, सुन्दर र स्वच्छ बनाउन आ-आफ्नो ठाउँबाट सबै लागौं ।

**टीकापुर नगरपालिका**
**८ नम्बर वडा कार्यालय**
**बटनपुर, कैलाली**

## जनहीतमा जारी सूचना

- धुम्रपान मद्यपान त्यागौं बचत तर्फ लागौं ।
- ठूलो उमेरका र कमाउनेले मात्र हैन स-साना नानीहरुले पनि बचत गर्न सकिन्छ ।
- गाउँ गाउँमा बचत समूह बनाऔं र बचत गर्ने बानी बनाऔं
- महंगा र झकिझकाउ भन्दा सस्तो तर टिकाउजन्य वस्तुहरु किनेर बचत गरौं ।
- बचत त्यागबाट प्राप्त हुन्छ । मुठी मुठी मिलेर एक बन्छ, बचत गर्ने बानीले भविष्य बन्छ ।

**मातृभूमि साना किसान कृषि सहकारी संस्था**
**टीकापुर-७ सत्ति, कैलाली**

## जनहीतमा जारी सूचना

- धुम्रपान मद्यपान त्यागौं बचत तर्फ लागौं ।
- ठूलो उमेरका र कमाउनेले मात्र हैन स-साना नानीहरुले पनि बचत गर्न सकिन्छ ।
- गाउँ गाउँमा बचत समूह बनाऔं र बचत गर्ने बानी बनाऔं
- महंगा र झकिझकाउ भन्दा सस्तो तर टिकाउजन्य वस्तुहरु किनेर बचत गरौं ।
- बचत त्यागबाट प्राप्त हुन्छ । मुठी मुठी मिलेर एक बन्छ, बचत गर्ने बानीले भविष्य बन्छ ।

**स्वस्तिक साना किसान कृषि सहकारी संस्था**
**टीकापुर-९ झुंगा, कैलाली**

# अन्तराष्ट्रिय समाचार

## मलेसियाका पूर्वप्रधानमन्त्री लाई थप १५ वर्षको जेल सजाय



**● समाचार एजेन्सी**

मलेसियाका पूर्वप्रधानमन्त्री नाजिब रजाक भ्रष्टाचारको मुद्दामा दोषी ठहर भए पछि १५ वर्षको जेल सजाय सुनाइएको छ । क्वालालम्पुर उच्च अदालतले शुक्रबार फैसला सुनाएको अल जजिराले जनाएको छ ।

नाजिबलाई राज्य लगानी कोष १- मलेसिया डेभलपमेन्ट बरहाद (१-एमडिबी) बाट अवैध रूपमा २.२ अर्ब मलेसियन रिङ्गिट (करिब ५४ करोड ३० लाख अमेरिकी डलर) आफ्नो व्यक्तिगत बैंक खातामा हस्तान्तरण गरेको अभियोगमा दोषी ठहर गरिएको जनाइएको छ। अदालतले उहाँलाई शक्तिको दुरुपयोग गरेको चार वटा आरोप र सम्पति शुद्धिकरणको २१ वटा अभियोगमा दोषी ठहर गरेको छ ।

फैसला सुनाउँदै न्यायाधीश कोलिन लरेन्स सेक्वेराहले यो मुद्दा राजनीतिक रूपमा सञ्चालित भएको भन्दै नाजिबको बचाउलाई अस्वीकार गरेका छन् ।

उनले "अभियुक्त आफूमाथि लगाइएका आरोपहरूमा राजनीतिक रूपले प्रेरित भन्ने तर्कलाई निर्विवाद खारेज गर्दै अभियुक्तले १-एमडिबीमा आफ्नो शक्तिशाली पदको दुरुपयोग गरी कसुरदार ठहर भएको बताएका छन् ।

नाजिबले प्रधानमन्त्री, अर्थमन्त्री र १-एमडिबीको सल्लाहकार बोर्डको अध्यक्षको रूपमा आफ्नो भूमिकाको दुरुपयोग गरी एक दशक भन्दा पहिले सार्वजनिक कोषलाई व्यक्तिगत लाभका लागि प्रयोग गरेको अल जजिराले जनाएको छ ।

१-एमडिबी काण्डसँग सम्बन्धित नाजिबको यो दोस्रो सजाय हो । यस अघि सन् २०२० मा कोषबाट करिब एक करोड अमेरिकी डलरको दुरुपयोग गरेको आरोपमा दोषी ठहर गरी १२ वर्षको जेल सजाय सुनाइएको थियो भने पछि सजाय घटाएर छ वर्षमा झारेको थियो ।

गत वर्ष नाजिबले १-एमडिबी विवादमा आफ्नो भूमिकाका लागि मलेसियालीहरूसँग माफी मागेको समेत जनाइएको छ ।

## वडावासीहरूमा अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाईसराई, सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा गराऔं ।
- सार्वजनिक स्थलमा माटो, ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माण सामाग्री नराखौं ।
- घर वा पसलबाट निस्किएको फोहरमैला जथाभावी नफालौं ।
- हाम्रो वडा, सफा वडा , यसलाई सफा, सुन्दर र स्वच्छ बनाउन आ-आफ्नो ठाउँबाट सबै लागौं ।

**टीकापुर नगरपालिका**
**७ नं. वडा कार्यालय**

## वडावासीहरूमा अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाईसराई, सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा गराऔं ।
- सार्वजनिक स्थलमा माटो, ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माण सामाग्री नराखौं ।
- घर वा पसलबाट निस्किएको फोहरमैला जथाभावी नफालौं ।
- हाम्रो वडा, सफा वडा , यसलाई सफा, सुन्दर र स्वच्छ बनाउन आ-आफ्नो ठाउँबाट सबै लागौं ।

**जानकी गाउँपालिका**
**५ नं. वडा कार्यालय**

## दिगो विकास बचत तथा ऋण सहकारी संस्था लि.
### टीकापुर न.पा.-८ बटनपुर, कैलाली
### १९औं वार्षिक चुनावी साधारण सभा सम्बन्धि सूचना

यस श्री दिगो विकास तथा बचत तथा ऋण सहकारी संस्था लि. टीकापुर न.पा.-८ बटनपुर, समितिको मिति : २०८२/०८/१९गते बसेको बैठकको निर्णय अनुसार संस्थाको १९औं वार्षिक साधारण सभा उल्लेखित विषयहरूमा छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरूको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**तपसिल** :

मिति : २०८२ साल पुस महिनाको २६ गते
समय : विहान १० : ३० बजे ।
स्थान : श्री त्रिभुवन मा.वि बटनपुरको प्राङ्गनमा ।

**साधारण सभामा पेश गरिने प्रस्ताव तथा विषयबस्तुहरू** :

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।
२) आ.व.२०८१/०८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा ।
३) आ.व.२०८२/०८३ को प्रस्तावित बजेट तथा कार्यक्रम सम्बन्धमा ।
४) आ.व.२०८२/०८३ को लागि लेखा परीक्षक नियुक्ति तथा सो को पारिश्रमिक सम्बन्धमा ।
५) प्रस्तावित शेयर लाभांश वितरण अनुमोदन सम्बधमा ।
६) व्यवस्थापकको सेवा सुविधा सम्बन्धमा ।
७) संस्थाका लागि उपयुक्त ठानिएका विविध विषयगत सम्बन्धमा ।
८) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न सञ्चालक समिति र शेयरधनी सदस्यहरुको तर्फबाट प्रतिनिधि मनोनयन सम्बन्धमा ।
९) नयाँ समिति चयन सम्बन्धमा ।

## हार्दिक बधाई



**यस सहकारीको उन्नाइसौं साधारणसभाबाट अध्यक्ष पदमा श्री प्राङ्कुस चौधरी, उपाध्यक्षमा पहलवान चौधरी, कोषाध्यक्षमा रानी रानी शाह र लेखा समिति संयोजकमा श्री भीम वि.क. एवम् चयन हुनु भएका सम्पूर्ण संचालक समिति सदस्य र लेखा समिति सदस्यहरूलाई हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछौं ।**

व्यवस्थापक
**राम कृष्ण चौधरी**
**उज्यालो बहुउद्देश्यीय सहकारी संस्था**
टीकापुर-६ सत्ति कैलाली

## वडावासीहरूमा अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाईसराई, सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा गराऔं ।
- सार्वजनिक स्थलमा माटो, ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माण सामाग्री नराखौं ।
- घर वा पसलबाट निस्किएको फोहरमैला जथाभावी नफालौं ।
- हाम्रो वडा, सफा वडा , यसलाई सफा, सुन्दर र स्वच्छ बनाउन आ-आफ्नो ठाउँबाट सबै लागौं ।

**टीकापुर नगरपालिका**
**१ नं. वडा कार्यालय**

## वडावासीहरूमा अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाईसराई, सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा गराऔं ।
- सार्वजनिक स्थलमा माटो, ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माण सामाग्री नराखौं ।
- घर वा पसलबाट निस्किएको फोहरमैला जथाभावी नफालौं ।
- हाम्रो वडा, सफा वडा , यसलाई सफा, सुन्दर र स्वच्छ बनाउन आ-आफ्नो ठाउँबाट सबै लागौं ।

**जानकी गाउँपालिका**
**४ नं. वडा कार्यालय**

## नगरवासीहरूमा अनुरोध

- सडक दुर्घटनाबाट जोगिन ट्राफिक नियम पूर्णरुपमा पालना गरौं ।
- जाति, धर्म, वर्ण र लिंगका आधारमा विवाद नगरौं, एकअर्का मिलेर अघि बढौं ।
- शान्ति, मेलमिलाप र पारस्परिक सद्भाव, सम्मुनत र सुखी भविष्यको आधार ।
- बालबालिकालाई पढ्न पठाऔं, उनीहरुको सुखद भविष्यलाई सुनिश्चित गरौं ।
- जथाभावी बाटो नकाटौं, अकाल मृत्युबाट बचौं ।
- असल बनौं, इमान्दार बनौं, सन्ततिलाइ दिशा निर्देश गरौं ।
- बोक्सी प्रथाको अन्त्य गरौं, सभ्य र सचेत नागरिकको परिचय दिऔं ।
- लैंगिक हिंसा हटाऔं, मानव बेचबिखन अन्त्य गरौं

**टीकापुर नगरपालिकाको कार्यालय**
टीकापुर, कैलाली

## वडावासीहरूमा अनुरोध

- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, बसाईसराई, सम्बन्ध विच्छेद जस्ता घटना घटेको ३५ दिन भित्र अनिवार्य रुपमा गराऔं ।
- सार्वजनिक स्थलमा माटो, ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माण सामाग्री नराखौं ।
- घर वा पसलबाट निस्किएको फोहरमैला जथाभावी नफालौं ।
- हाम्रो वडा, सफा वडा , यसलाई सफा, सुन्दर र स्वच्छ बनाउन आ-आफ्नो ठाउँबाट सबै लागौं ।

**टीकापुर नगरपालिका**
**३ नं. वडा कार्यालय**


**DS डायमण्ड सफारी प्रा.लि**
टीकापुर-९, खक्रौला

भारतका विभिन्न शहरहरु जस्तै दिल्ली,लखनउ,जयपुर,अयोध्या,मथुरा, हरिद्वार,देहरादुन र अन्य स्थानहरु सम्म सुरक्षित र आरामदायी यात्राका लागी हामीलाई सम्झनुहोस ।



**हाम्रा सुविधाहरू**
- AC/NON AC BUS
- PRE BOOKING
- AIR TICKET
- LUXURY SEATS
- 24 /7 DAY FACILITY
- TRAIN TICKET

**सम्पर्क फोन**
सर्पराज साउँद (एम.डी.) : ९८५८४२४८६६
मुख्य कार्यालय : ९७०४९७३०९६
सुरेश खड्का : ९८४८०६३२९४


सुदूर सन्दर्भ साप्ताहिकका लागि प्रकाशक/प्रधान सम्पादकः भिम वि.क., प्रबन्ध सम्पादकः मदन वैद्य, सम्पादकः धन ब.वि.क.
सह -सम्पादक : मञ्जु वि.क., कार्यालयः टीकापुर-७, सत्ती, सम्पर्क कार्यालय : टीकापुर, कैलाली मो. ९८४८६३८१६०, Email : sudoorsandarbha@gmail.com मुद्रकः अभिनव अफसेट प्रेस, टीकापुर,कैलाली